# संघीय संसद
# प्रतिनिधि सभा
चौथो अधिवेशन
## बैठक संख्या - ४०

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल साउन १३ गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको १:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै प्रमुख प्रतिपक्षी नेपाली काँग्रेस र राष्ट्रिय जनता पार्टी नेपालका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० सदस्यहरुलाई आशन ग्रहण गर्न अनुरोध गर्नुहुँदै बैठकको कारवाही अगाडि बढाउन लाग्नुभएपछि नेपाली काँग्रेस र राष्ट्रिय जनता पार्टी नेपालका मा० सदस्यहरु सभामुख आशन अगाडिको वेलमा आई विभिन्न किसिमका नाराहरु लगाउन शुरु गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले मा० सदस्यहरुलाई संसदीय सर्वोच्चता कायम गर्न अवरोध हट्नुपर्ने, सदनमा अवरोधको कारण जनताका विविध समसामयिक विषयहरु प्रस्तुत हुन नपाएको, छलफलबाटै समस्याको समाधान निकाल्नुपर्दछ भन्नुहुँदै मा० सदस्यहरुलाई बारम्बार आ-आफ्नो आशन ग्रहण गर्न आग्रह गर्नुहुँदा पनि नारा लगाउने क्रम नरोकिएपछि उहाँले आगामी बैठक सुचारु हुने कुरामा आफु विश्वस्त रहेको जानकारी गराउँदै बैठक २०७६ साल साउन १५ गते बिहान ११:०० बजेसम्मको लागि स्थगित गर्नुभयो ।

तदनन्तर बैठक २०७६ साल साउन १५ गते बुधबार बिहान ११:०० बजे बस्नेगरी दिनको १:५५ बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव